**नेपाली / *NEPALI***

**विषय:** क्याम्पसको *COVID-19* अपडेट: मास्क लगाउने आदेश, वसन्त सेमेस्टरको लागि तयारी; नयाँ खालका मास्कहरू उपलब्ध

*यस सन्देशमा समेटिएको छ:*

- *वसन्त सेमेस्टरको योजना*
- *मास्क लगाउने*
- *परीक्षण गर्ने*
- *खोप लगाउने*
- *क्याम्पसका कार्यक्रम र यात्राका नीतिहरू*
- *मुख्य संसाधनहरू*

विद्यार्थी, संकाय र कर्मचारीहरू,

विश्वविद्यालयले वसन्त सेमेस्टरको लागि तयारी गर्ने क्रममा, क्याम्पसका अगुवाहरू विद्यार्थीहरूलाई उत्कृष्ट शैक्षिक अनुभव प्रदान गर्न, हाम्रो अनुसन्धान र सेवा उद्देश्यहरू पूरा गर्न र हाम्रो समुदायको स्वास्थ्य र सुरक्षाको हेरविचार गर्न धेरै कार्यहरू गरिरहेका छन्। जनवरी २५ देखि शुरू हुने वसन्त सेमेस्टरका लागि व्यक्तिगत रूपको निर्देशन, कार्यक्रमहरू र अन्य गतिविधिहरू जारी राख्ने योजनाहरू बनाउने क्रममा हामीले जनस्वास्थ्य अवस्थाको नजिकबाट निगरानी गरिरहेका र चिकित्सा विशेषज्ञहरूसँग परामर्श लिइरहेका छौं।

*COVID-19* का केसहरूले हाम्रो समुदाय र राज्यमा रेकर्ड तोडेका छन् र हामीले बुझेका छौं कि धेरै विद्यार्थी, संकाय, र कर्मचारीहरू हालसालै रोग लागेकाहरूको सम्पर्कमा आएका वा पोजिटिभ देखिएका हुन सक्छन्, जसले गर्दा व्यक्तिगत र व्यावसायिक जीवनमा अवरोध उत्पन्न गरेको छ। नयाँ प्रमाणहरूले सुझाव गर्दछन् कि *Omicron* प्रजाति एकदमै सङ्क्रामक छ तर यसले विशेष गरी खोप लगाएका र बूस्टर खोप लगाएका व्यक्तिहरूका लागि कम गम्भीर रोग लगाउँदछ। **सावधानीहरू अपनाएर - राम्रोसँग अट्ने मास्क लगाएर; बिरामी अनुभव गरेमा वा रोग लागेको कसैको नजिकैको सम्पर्कमा आउनुभएको छ भने घरमै बसेर र परीक्षण गरेर; अलग्गै र क्वारेन्टाइनका मार्गदर्शनहरूको पालना गरेर - हामीले व्यक्तिगत रूपको शिक्षाका फाइदाहरू कायम राख्दै *COVID-19* विरुद्ध बलियो सुरक्षा पाउन सक्दछौं।** हाम्रा अधिकांश *Big Ten* मित्रहरू र धेरैजसो *K-12* स्कूल जिल्लाहरूले समान दृष्टिकोण अपनाइरहेका छन्।

मास्क लगाउनु, परीक्षण गर्नु र खोप लगाउनु हाम्रो क्याम्पसले *COVID-19* सङ्क्रमण कम गर्न र गम्भीर रोगहरू रोक्न प्रयोग गरेको महत्त्वपूर्ण र प्रमाणित रणनीतिहरू छन्। हामीले यी प्रत्येक दृष्टिकोणहरूमा यसरी ध्यान केन्द्रित गर्दैछौं।

**मास्क लगाउने**

- कुलपति Blank ले *UW–Madison* भवनहरू भित्र मास्क लगाउनु पर्ने आवश्यकता मार्च १ सम्म बढाउनु भएको छ।
- यी प्रकारका मास्कहरू लगाउन चाहने कर्मचारी र विद्यार्थीहरूलाई नि: शुल्क उपलब्ध गराउन विश्वविद्यालयले धेरै मात्रामा उच्च स्तर श्रेणीको मास्कहरू खरिद गरेको छ। शिक्षक र विद्यार्थीहरूले यी मास्कहरू कसरी पाउने भन्ने बारे थप जानकारी पाउनेछन्। अन्य सबै कर्मचारीहरूका लागि, विभाग र केन्द्रहरूले *ShopUW+* मार्फत मास्क मगाउने बारे जानकारी पाउनेछन्।

**परीक्षण गर्ने**

- *UHS* ले विद्यार्थी र कर्मचारीहरूका लागि *contact tracing* सञ्चालन गर्न जारी राखेको छ तर केसहरूको बढेको कुरहरू ध्यानमा राखेर केही ढिलाइ भएको छ। क्याम्पस बाहिरका *contact tracing* ले पनि केही ढिलाई अनुभव गरेको छ। क्याम्पसमा पोजिटिभ देखिने सबैजनाले आफ्नो *wisc.edu* ईमेलमा अलग्गै बस्ने निर्देशन सहितको ईमेल पाउनुछेन्। यदि तपाईंमा पोजिटिभ देखिएमा *Public Health Madison & Dane County* ले तुरुन्तै तपाईंका नजिकाकाअ सम्पर्कहरूलाई सूचना दिनलाई सल्लाह दिँदछ।
- पूरा रूपमा खोप नलगाएका विद्यार्थी र कर्मचारीहरूले क्याम्पसमा हप्तै पिच्छे *PCR* परीक्षण गरिरहनु पर्दछ। सेमेस्टरको शुरूवातमा विद्यार्थीहरूको आवश्यक परीक्षण फेरि शुरू हुनेछ।
- घरैबाट परीक्षण गर्न मिल्ने छिटो *antigen* परीक्षण गर्ने किटहरू, जसले १५ मिनेटमा नतिजा दिँदछन् यीनलाई हाम्रो वसन्त सेमेस्टरको परीक्षणमा समावेश गरिनेछ। *Omicron* प्रजातिको सङ्क्रमण गतिलाई ध्यानमा राख्दै, *antigen* परीक्षणले पोजिटिभ देखिनी विद्यार्थी र कर्मचारीहरूलाई अझ छिटो आफूलाई अलग्ग राख्न र अरूलाई सङ्क्रमण हुन्बाट बचाउन सहयोग गर्दछ।
- *Centers for Disease Control and Prevention* बाट भर्खरको जानकारीलाई झल्काउन अलग्ग रहन्(पोजिटिभ देखिने व्यक्तिहरूका लागि) र क्वारेन्टाइन (पोजिटिभ देखिएका कोही व्यक्तिको नजिकको सम्पर्कमा रहेका व्यक्तिहरूका लागि) क्याम्पसका मार्गदर्शन अपडेट गरिएको छ।

**खोप लगाउने**

- ९५ प्रतिशत भन्दा बढी विद्यार्थी र कर्मचारीहरूलाई पहिलो खोपको श्रृंखलाको साथ पूरा खोप लगाएका छन् र हजारौंले क्याम्पसमा बूस्टर खोपहरू पाएका छन्।
- **बूस्टर खोपको लागि योग्य सबैलाई सकेसम्म चाँडो एउटा लगाउन सल्लाह दिइन्छ।** सहयोगको लागि, *UHS* ले जनवरी २४ देखि नि: शुल्क क्याम्पसको खोप क्लिनिकमा खोप लगाउने समयहरूको क्षमता बढाउनेछ। थप जानकारीको लागि ध्यान दिनुहोला।
- **यदि तपाईंले क्याम्पस बाहिर बूस्टर खोप लगाउनुभएको छ भने,** *MyUHS* वेबसाईट वा *app* मार्फत आफ्नो रेकर्डहरू साझेदारी गरेर ***UHS* लाई थाहा दिनुहोला।**

**क्याम्पसका कार्यक्रम र यात्राका नीतिहरू**

क्याम्पसका कार्यक्रम र विश्वविद्यालय प्रायोजित यात्रामा कुनै थप प्रतिबन्धहरू छैनन्; त्यहीपनी यो सल्लाह दिइन्छ कि जो व्यक्तिगत कार्यक्रमहरूको योजना गरिरहेकाहरूले हालका जनस्वास्थ्य अवस्थाको बारेमा सजग रहन र उपयुक्त र सम्भव हुँदा सहभागीको वैकल्पिक माध्यमहरू उपलब्ध गराउने बारे विचार गर्दा राम्रो होला।

**मुख्य संसाधनहरू**

- यदि तपाईंमा पोजिटिभ देखिएमा वा पोजिटिभ देखिएको कसैको नजिकको सम्पर्कमा आउनुभएमा के गर्ने
- कर्मचारीहरूका लागि जानकारी
- विद्यार्थी समर्थन: विद्यार्थी कार्यालयको डीनलाई सम्पर्क गर्नुहोस्; आपतकालीन आर्थिक सहयोग अनुरोध गर्नुहोस्
- क्याम्पस *COVID-19* वेबसाईट हेर्नुहोला; धैरै सोधिने प्रश्नहरू *(FAQs)* हेर्नुहोला; यदि तपाईंले आफूलाई आवश्यक कुरा फेला पार्न सक्नुहुन्न भने covidresponse@vc.wisc.edu मा इमेल गर्नुहोला